बेनी नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १०, बेनी, आषाढ ७ गते, २०८२ साल अतिरिक्ताङ्कः १५

**भाग-१**

**बेनी नगरपालिका**

नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

मिति २०८२/०३/१० गते बसेको बेनी नगरपालिकाको नगर सभाको सत्रौं अधिवेशनले बेनी नगरपालिकाको विनियोजन ऐन, २०८२ स्वीकृत गरेकाले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बेनी नगरपालिकाको विनियोजन ऐन, २०८२

बेनी नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

**प्रस्तावनाः**

बेनी नगरपालिकाको आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बेनी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**बेनी नगरपालिकाको विनियोजन ऐन, २०८२**" रहेको छ।

(२) यो ऐन २०८२ साल साउन महिनाको १ गतेबाट प्रारम्भ हुनेछ ।

## २. आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०८२।०८३ को निमित्त बेनी नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू. ७१८०२७०००।- (अक्षेरूपी एकहत्तर करोड असी लाख सत्ताइस हजार रूपैयाँ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक वर्षको अन्त्यमा रहन सक्ने बैङ्क मौज्दात अनुमान भन्दा बढी रकम बैङ्क मौज्दात रहन गएमा वा अनुमान नगरिएको कुनै नयाँ शीर्षकमा रकम प्राप्त भएमा वा कुनै शीर्षकमा अनुमान गरिए भन्दा बढी रकम प्राप्त भएमा सो रकम समेत यसै ऐन बमोजिम स्वीकृत भएको रकम मानी खर्च गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।८३ को निमित्त बेनी नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम रकमान्तर सक्नेछ। यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ रकमान्तर गर्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम रकमान्तर गर्न परेमा नगर सभाको स्वीकृति लिनुपर्नेछ।

(४) विनियोजन ऐन अनुसार बजेट कार्यान्वयन गर्ने सन्दर्भमा आवश्यक पर्ने कार्यविधि, निर्देशिका, मापदण्ड नगर कार्यपालिकाले तर्जुमा गरी लागु गर्न सक्नेछ।

<u>अनुसूची १</u>

दफा २ (१) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

**रू. हजारमा**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | २ | नगर कार्यपालिका | ५४९३३० | १६८६९७ | - | ७१८०२७ |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |

-०-